सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरूबाट प्रदान गरिने सेवासुविधा सम्बन्धमा कुनै किसिमको दुःख-कष्ट वा अनावश्यक ढिलासुस्ती, झन्झट वा अप्ठ्यारा भोग्नुपरेमा सोको सूचना र सेवाप्रवाह सुधारको लागि कुनै सुझाव भए राष्ट्रिय सतर्कता केन्द्रमा जानकारी गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० असोज २१ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 October 08 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ५०

## वर्षाका कारण धानबालीलाई क्षति

प्रस, सेढवा, २० असोज/

विगत छ दिनदेखिको वर्षाका कारण किसानहरूले लगाएका भदैया धानबाली खेतमैं उम्रिन थालेका छन् । भदैया ढलेका छन् । जसले गर्दा धान उम्रिने गरेको सेढवाका किसान जगदीश चौधरीले बताए । धान पाकेपछि टुपो भारी हुने तथा जरामा पानी पर्दा हिलाम्य



तस्वीर: प्रतीक

भएर बाली ढलेको किसानहरूले जनाएका छन् ।

हार्भेस्टर मेशीनले बाली काट्न नसकेपछि किसानहरूले अहिले ज्यामी लगाएर भएपनि बाली काट्न थालेका छन् । तर विभिन्न चाडबाड तथा व्रत बस्ने कारणले ज्यामी पाउन पनि छोडेको किसानहरूले बताएका छन् ।

किसान जगदीश चौधरीले पाँच दिनदेखि ज्यामी खोज्दै गरेको तर हालसम्म बाली काट्न नसकेको गुनासो गरे । कहिले वर्षा त कहिले पर्वका कारण ज्यामीहरू नपाएको किसान चौधरीले गुनासो गरे ।

ज्यामी लगाएर धान काट्न लगाउँदा जनही पाँच सय रुपैयाँ र खाना तथा खाजा खुवाउनुपर्छ । एक बिघा धानबाली काट्न कम्तीमा २० जना ज्यामी चाहिन्छ । यसका साथै करारमा धान कटाउँदा आठ क्वीन्टल उत्पादनमा एक क्वीन्टल धान ज्यामीहरूले लिने गर्छन् । बाँकी सात क्वीन्टलबाट थ्रेसरको भाडासमेत तिर्नुपर्छ ।

थ्रेसरले धान दाइ गरेबापत प्रत्येक बीस भागबाट एक भाग साहु लिने गर्छ । ठोरी गाउँपालिकामा थ्रेसरले दाइ गरेबापत १५ भागमा एक भाग थ्रेसर साहुले लिने गर्छ ।

लगातारको वर्षाका कारण धान भिजेको भन्दै वीरगंजका व्यापारीहरूले धानको मूल्य घटाएका छन् । प्रतिक्वीन्टल तीन हजार रुपैयाँको दरबाट शुरू भएको धानको मूल्य दुई हजार पाँच सय रुपैयाँ कायम भएको छ ।

ग्रमीण भेगमा धानको कारोबार गर्ने व्यापारीहरूले वीरगंजमा कायम भएको धानको मूल्यको आधारमा धान खरीद गर्ने गरेका छन् ।

धानबाली पाकिसकेको तर अनुकूल मौसम नहुँदा धान बोटमैं उम्रिन थालेको किसानहरूले दुःखेसो गरेका छन् ।

जीराभवानी गाउँपालिका वडा नं ५ सखुवनियाका किसान मुक्तिनारायण दासका अनुसार करीब आधा धानबाली किसानहरूले भित्र्याए पनि बाँकी धानबाली खेतमैं उम्रिएर धानका बालामा तीन इन्चसम्मको टुसा पलाएको बताए । अहिले दैनिक ४/५ पटक पानी पर्ने गरेकाले हार्भेस्टर मेशीनका चालकले पनि धान काट्न नमानेको किसान दासले बताए । खेत हिलाम्य भएकोले हार्भेस्टर मेशीन लैजाँदा भासिने चिन्ताले धान नकाटेका किसान दासले बताए ।

वर्षासँगै तीव्र गतिमा आउने गरेका हावाहुरीका कारणले पाकेका धानबाली

## तीनवटा सवारीसाधन ठोक्किंदा

## एकजनाको घटनास्थलमै मृत्यु, तीनजना घाइते

प्रस, निजगढ, २० असोज/

पश्चिमबाट पूर्व दिशातर्फ द्रुतगतिमा ओभरटेक गरेको यात्रुवाहक बसले शनिवार बिहान करीब ९:४५ बजे मोटरसाइकललाई ठक्कर दिंदा मोटरसाइकल चालकको घटनास्थलमैं ज्यान गएको छ भने अटोचालकसहित अटोमा सवार तीनजना घाइते भएका छन् ।

मृत्यु हुनेमा कोल्हवी नगरपालिका-३ जुगुवा बस्ने २० वर्षीय दिनेश चौधरी रहेका छन् भने अटोचालक निजगढ-१० लाल बस्ने २४ वर्षका सुकराम बमजन, मकवानपुर बकैया गाउँपालिका-१ धियाल घर भई हाल सिगौल बस्दै आएका २२ वर्षका सानतेन लामा र जीतपुरसिमरा उपमहानगरपालिका-१६ का २१ वर्षका कुलबहादुर थिङ घाइते भएका इलाका प्रहरी कार्यालय, निजगढले जनाएको छ ।

प्रदेश नं १-०२-००१ ख ९७९३ नम्बरको बसले विपरीत दिशातर्फ जाँदै गरेको ना.६३प ८४४७ नम्बरको मोटरसाइकललाई ठक्कर दिंदा मोटरसाइकल चालकको घटनास्थलमैं मृत्यु भएको इप्रका, निजगढका प्रनि घनश्याम श्रेष्ठले बताए ।

द्रुत गतिमा ओभरटेक गरेको सो बसले मोटरसाइकल, सडक किनारमा रोकिराखेको ना.३स ९२३७ नम्बरको ईरिक्शा र गुडिरहेको यात्रु सवार प्रदेश २-०३-००१ ह १०६६ नम्बरको अटोलाई ठक्कर दिंदा उक्त घटना भएको राजमार्गस्थित बुद्धचोकमा जडान गरिएको सिसिटिभी क्यामेराले कैद गरेको फुटेजमा देखिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय, निजगढका ट्राफिक प्रहरी निरीक्षक रामकुमार महतोले जानकारी दिए ।

"सडक किनारमा सामान ढुवानीको लागि ईरिक्शा रोकिराखेको थिएँ । पश्चिमबाट पूर्वतर्फ जान सडक नै ढाकिने गरी दुईवटा बस सँगसँगै आइरहेका थिए । जसमध्ये दक्षिणतर्फको बस सडक छोडेर आफूतिर आएको देखेपछि इरिक्शा छोडेर



निजगढ नपा-९ स्थित जमुनापैनीनजीकै शनिवार भएको सवारीसाधन दुर्घटना ।
तस्वीरः जीतलाल श्रेष्ठ

भागेपछि ज्यान जोगिएको," घटनाका प्रत्यक्षदर्शी ईरिक्शा चालक निजगढ-६ बस्ने शुकवीर वाइवाले बताए । यसो हेर्दा तीनजना मानिस भुइँमा लडिरहेको र आफ्नो ईरिक्शाको पछाडि मोटरसाइकल र चालक रगताम्य भएर लडिरहेको देखेको उनले बताए ।

अटोचालकसहित अटोमा सवार तीनजनालाई छात्ती, घुँडा, मुख, कम्मरलगायत शरीरका विभिन्न भागमा गहिरो चोट लागेकाले वीरगंजमा उपचार भइरहेको प्रहरीले जनाएको छ । सो दुर्घटना पूर्व-पश्चिम महेन्द्र राजमार्गस्थित बाराको निजगढ नगरपालिका-९ स्थित जमुनापैनीनजीकै भएको हो । ठक्कर दिने बसचालक सिराहाका अजय ठाकुर इप्रका, निजगढको नियन्त्रणमा छ । शल्यपरीक्षणपछि मृतकको शव परिवारले बुझिसकेको जिप्रका, बाराले जनाएको छ ।

घना बस्ती प्रवेश गर्दासमेत सवारीसाधन चालकहरूले ट्राफिक नियमविपरीत तीव्र गतिमा सवारीसाधन चलाउने, ओभरटेक गर्ने जस्ता कार्य गर्दै आइरहे पनि त्यस्ता सवारीचालकहरूलाई तत्कालै रोकी कडा कारबाही गर्नुपर्ने निजगढका स्थानीयहरू बताउँछन् ।

उक्त दुर्घटनाको जानकारी पाउनासाथ नेपाल प्रहरी, ट्राफिक प्रहरी, सशस्त्र प्रहरीको टोली घटनास्थल पुगेका थिए । गत वैशाख महीनायता असोज २० गतेसम्म ७०२ सवारीसाधन दुर्घटनाका कारण ३५ जनाको अकालमा ज्यान गएको जिल्ला ट्राफिक प्रहरी कार्यालय, निजगढले जनाएको छ ।

## पूनम सर्राफको हत्या गरिएको हतियार बरामद

राधेश्याम पटेल, परवानीपुर, २० असोज/

शुक्रवार बिहान वीरगंजमा भएको एकजना महिलाको हत्याको अनुसन्धान लाग्छ ।

पर्सा प्रहरीले हत्याको अभियोगमा वीरगंज-१ छपकैया कोल्डस्टोरेजनजीक



तस्वीर: प्रतीक

प्रतिवेदनमा हतियारले पटकपटक प्रहार गरी हत्या गरिएको जनाइएको छ । नारायणी अस्पतालमा भएको प्रारम्भिक

अन्तिम चरणमा पुगेको पर्सा प्रहरीले जनाएको छ ।

भारत, बिहार, सीतामढी नजीक रहेको रिगाको नाराहाकी स्थायी घर भई हाल वीरगंज-१ बजार छपकैया वडा कार्यालयको दक्षिणपट्टिको टोलमा बस्दै आएकी ४० वर्षीया पूनमदेवी सर्राफको हत्या घटनाको अनुसन्धान प्रहरीले तीव्र बनाएको छ ।

आइतवार घटनाको सम्बन्धमा सञ्चारकर्मीलाई पत्रकार सम्मेलन गरी जानकारी गराउने पर्सा पर्सा प्रहरीका प्रवक्ता प्रनाउ कुमारविक्रम थापाले जानकारी गराएका छन् ।

"अनुसन्धान अन्तिम चरणमा पुगेको छ," उनले भने, "आइतवार घटनाको विस्तृत विवरण जानकारी गराउनेछौं ।" घटनाबारे भोलि पत्रकार सम्मेलनमा जानकारी गराइने प्रनाउ थापाले बताए । स्रोतका अनुसार घटनाको छानबीन लगभग पूरा भइसकेको र अभियुक्त पनि पत्ता लागिसकेकोले चाँडै अनुसन्धान टुङ्गो

घर भएका सुनील सर्राफलाई पक्राउ गरेको छ । सुनीलकै घरमा मृतक पूनमदेवी सर्राफले ब्युटिपार्लर सञ्चालन गर्दै आएकी थिइन् । घर साहुका छोरा सुनीलको कल डिटेलबाट उनी पूनमसँग निकै नजीक रहेको पुष्टि भएपछि पर्सा प्रहरीले उनलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ । व्यक्तिगत सम्बन्धका कारण हत्या भएको प्रहरीको आशङ्का छ । यसैबीच, पर्सा प्रहरीले बजार छपकैयास्थित शिवमन्दिरनजीकैको गल्लीबाट घटना प्रयोग गरिएको धारिलो हतियार बरामद गरेको छ । सो हतियारबारेमा प्रहरीले केही खुलाएको छैन । पत्रकार सम्मेलनमा प्रहरीले सार्वजनिक गर्ने जनाएको छ ।

पर्सामा बढ्दै गएको आपराधिक घटनाले पर्सा प्रहरी अहिले तनावमा छ । १७ दिनभित्र दुईजना महिलाको हत्या घटनाले पनि पर्साको सुरक्षा व्यवस्थामा प्रतिकूल असर पारेको छ ।

पूनम सर्राफको शल्यपरीक्षण शल्यपरीक्षण प्रतिवेदन अनुसार उनलाई धारिलो र बोधिलो हतियारले पटकपटक टाउकोमा प्रहार गरी मारिएको चिकित्सकले बताएका छन् । नारायणी अस्पतालमा शल्यपरीक्षण गर्ने चिकित्सक डा अजित साहका अनुसार उनलाई धारिलो र बोधिलो हतियार वा कडा सतहमा टाउको ठोकाएर हत्या गरिएको छ । पूनमको कोठाको भित्ता प्लास्टर गरिएको छैन । शव बरामद गर्दा प्रहरीले सुत्ने कोठाको भित्ता पनि रक्ताम्य भएको बताएको छ । हतियार र भित्तामा टाउको लडाएर हत्या गरिएको आशङ्का गर्न सकिन्छ । साथै, हत्याअघि बलात्कार भए/नभएको बारे भेजाइनाको स्वाब नमूना जाँचको लागि काठमाडौंको फोरेन्सिक प्रयोगशालामा पठाइएको छ । शल्यपरीक्षणपछि शव परिवारजनलाई जिम्मा लगाइएको र पूनमका पति गगनदेव साह, छोराछोरी वीरगंज आइसकेकाले आइतवार दाहसंस्कार गरिने जनाइएको छ ।

## बारामा मदिराभट्टी नष्ट गर्ने अभियान तीव्र

प्रस, कलैया, २० असोज/

बारामा तीन दिनदेखि प्रहरीले घरेलु मदिराभट्टी नष्ट गर्ने अभियान तीव्र पारेको छ ।

गत बुधवारदेखि थालिएको अभियानमा प्रहरीले विभिन्न गाउँमा लुकाइछिपाइ सञ्चालित २२ वटा मदिराभट्टी नष्ट गरेको छ । नष्ट गरिएका भट्टीबाट बरामद गरिएका कच्चा र तयारी मदिरा एक लाख ४१ हजार लिटर नष्ट गरिएको बाराका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए ।

मदिराभट्टीहरूबाट मदिरा बनाउन प्रयोग हुने १२४ थान ड्रम र १२ वटा मेशीन पनि बरामद भएको प्रनाउ न्यौपानेले बताए । प्रनाउ न्यौपानेका अनुसार जिल्ला प्रहरी कार्यालय, बाराबाट खटिएको प्रहरी टोलीले बारागढी, करैयामाई, आदर्शकोतवाल गाउँपालिका, महागढीमाई, पचरौता नगरपालिकाका विभिन्न स्थानका अवैध मदिराभट्टी नष्ट गरिएको थियो । विशेषगरी भारतसँग खुला सीमा जोडिएका जिल्लाका गाउँहरूमा प्रहरीले घरेलु मदिरा उत्पादन गर्ने मदिराभट्टीको खोजी गर्दै नष्ट गर्ने अभियान थालेको हो । सीमावर्ती भारतको बिहार राज्य सरकारले मदिराको उत्पादन, ओसार पोसार, बिक्री वितरण र सेवनमा नौ वर्षअगाडिदेखि प्रतिबन्ध लगाएपछि नेपालका सीमावर्ती गाउँहरूमा अवैध घरेलु मदिराभट्टी सञ्चालनमा आएका हुन् । बिहारसँग सीमा जोडिएका मधेसका जिल्लाका सीमावर्ती गाउँहरूमा उत्पादित घरेलु मदिरा भारतमा तस्करी हुँदै आएको छ ।

यही असोज ८ गते बाराको पचरौता नगरपालिका-१ पिपरपातीस्थित नेपाल-भारत सीमाको दशगजा क्षेत्रमैं सञ्चालित मदिराभट्टीमा पूर्वसशस्त्र प्रहरी जवानको हत्या भएपछि बारामा प्रहरीले मदिराभट्टी नष्ट गर्ने अभियानलाई तीव्र बनाएको हो । तीन वर्षअघि २०७६ असोज १६ मा बाराकै फेटा गाउँपालिका-४ बतरामा मदिराभट्टीको भूमिगत टङ्कीभित्र निसासिएर एकै परिवारका चार जनासहित पाँचजनाको मृत्यु भएको थियो ।

## परवानीपुर गापाको काम दुई सिफ्टमा

प्रस, वीरगंज, २० असोज/

बाराको परवानीपुर गाउँपालिकाले मातहतका कार्यालयहरू दुई सिफ्टमा सञ्चालन गर्ने जनाएको छ ।

सूचना जारी गर्दै प्रमुख प्रशासकीय अधिकृत मुन्ना रौनियारले गाउँ कार्यपालिकाको कार्यालयका राष्ट्रिय परिचयपत्र, प्रशासन, योजना, पञ्जीकरण दर्ता चलानी शाखा र वडा नं १ देखि ५ सम्मका कार्यालयहरू दुई सिफ्टमा सञ्चालन हुने जनाएका छन् ।

कार्यालयहरू असोज १८ देखि साताको दुई दिन आइतवार र सोमवार बिहान ७-१० र १०-५ बजेसम्म गरी दुई सिफ्टमा सञ्चालन हुने रौनियारले जानकारी दिएका हुन् ।

अन्यत्र काम गर्ने सेवाग्राहीहरूलाई दिउँसो काम गराउन आउँदा छुट्टी लिएर आउनुपर्ने बाध्यताको अन्त्य गर्दै सातामा दुई दिनका लागि भएपनि दुई सिफ्टमा कार्यालय सञ्चालन गर्न थालिएको रौनियारले बताए । "यस्तो गर्दा कामकाजीहरूलाई धेरै सहज भएको छ,"

(बाँकी तेस्रो पातामा)

## विचारसार र सूक्तिहरू

**असल सोच र राम्रो भावना...जीवनको यही हो सच्चम सम्पत्ति ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# दीर्घायु हुने रहस्य

हाम्रो समाजमा सदीयौंदेखि 'आयुष्मान् भव', 'चिरञ्जीवी भव', 'लामो आयु होस्' जस्ता आशीर्वाद दिने चलन रहेको छ । स्वस्थ एवं लामो उमेर बाँच्ने मानिसको चाहना आदिकालदेखि रहिआएको छ र यसका लागि मानिसले कैयौं प्रयत्न पनि गरेको छ, जसले गर्दा स्वस्थ र प्रसन्न जीवनको आनन्द लामो समयसम्म लिन सकोस् । यसका लागि कैयौं औषधिको आविष्कार भयो, रोगहरूको उपचारका लागि अनुसन्धान पनि भए । परिणामस्वरूप चिकित्सा जगत्मा एउटा क्रान्ति नै आयो, जस अन्तर्गत शल्यक्रियाका नयाँनयाँ प्रविधिको खोजी भयो । आज यी प्रविधिका कारण नै व्यक्ति असाध्य बिमारीहरूसँग लड्न सक्षम भएको छ र जीवन समाप्त पार्ने बिमारीहरूलाई पछार्न सफल भएको छ ।

जीवनमा कैयौं यस्ता बानी हुन्छन्, जसले जीवन समाप्त पार्ने, शरीरलाई रोगग्रस्त पार्ने दिशामा लैजान्छन्, जस्तै–नशा गर्ने बानी, विकृत जीवनशैली, सुस्त र काम नगर्ने बानी, रुग्ण मानसिकता, नकारात्मक विचार तथा दृष्टिकोण आदि । यसविपरीत जीवनलाई स्वस्थ र प्रसन्न राख्ने बानी पनि हुन्छ, जसका कारण रुग्ण जीवनलाई पनि स्वस्थ पार्न सकिन्छ, जस्तै–यौगिक जीवनशैली, खानपानसम्बन्धी नियम र सतर्कताको पालन सकारात्मक विचार र दृष्टिकोण, सक्रिय रहने बानी, श्रम गर्ने हुटहुटी आदि ।

वर्तमान तथ्याङ्क अनुसार स्वस्थ र लामो जीवन बाँच्नेतर्फ मानिसहरूको रुझान बढिरहेको छ र यसै कारण देश–दुनियाँका मानिसहरूको औसत आयु पनि निरन्तर बढिरहेको छ । सन् १९९० मा दुनियाँको औसत आयु ६५.३ वर्ष थियो, जुन आज बढेर ७१.५ वर्ष पुगेको छ । यस अन्तरालमा पुरुषको औसत आयु ५.८ र महिलाहरूको ६.६ वर्ष बढेको छ । यसका साथै दुनियाँमा १०० वर्ष उमेर पार गर्ने मानिसहरूको सङ्ख्या पनि बढेको छ । शतायु हुनु अब अपवाद रहेन ।

संयुक्त राष्ट्रसङ्घको एउटा रिपोर्ट अनुसार–भारतमा १२,००० भन्दा बढी व्यक्ति यस्ता छन्, जसको उमेर १०० वर्ष नाघिसकेको छ र सन् २०५० सम्म यस्ता मानिसको सङ्ख्या ६ लाखसम्म पुग्नेछ । यस कसीमा जापान दुनियाँको सबभन्दा अव्वल देश हो । त्यहाँका गाउँहरूमा दुई–चारजना शतायु व्यक्ति भेटिनु सामान्य कुरा हो । जापानको सरकारी स्वास्थ्य विभागका अनुसार–यस्तो पनि होइन कि जापान शुरूदेखि नै बढी उमेर भएको मानिसहरूको देश हो । सन् १९६३ मा जब यहाँ पहिलोचोटि यस प्रकारको जनगणना शुरू भयो, त्यस बेला १५३ जना मात्र शतायु व्यक्ति थिए । तर सन् २०१४ मा झन्डै ५८,८०० यस्ता मानिस फेला परे जसको उमेर १०० वर्षभन्दा बढी थियो ।

यसैगरी चीनको हेनान प्रान्तको चेंगमाई गाउँमा पनि धेरै बुजुर्ग मानिस बस्छन् । यहाँ सुन्तलाको राम्रो खेती हुन्छ । यो गाउँ अन्य गाउँहरूभन्दा ठूलो पनि छ । यहाँको ५६,००० जनसङ्ख्यामध्ये धेरै सय वर्ष नाघेका मानिस छन् । यहाँ तीनजना सुपर–बुजुर्ग पनि छन्, सुपर बुजुर्ग अर्थात् ११० वर्षभन्दा बढी उमेर पार गर्ने व्यक्ति । दुनियाँभरिमा यस्ता मात्र ४०० मानिस छन् ।

**हाम्रो देशमा जसरी युवा पीढी नशाको लतमा फसिरहेको छ, त्यसबाट यही अनुमान लगाउन सकिन्छ कि युवाहरूको तुलनामा वृद्ध व्यक्ति बढी स्वस्थ र सक्रिय छन् र उनीहरू युवाहरूजस्तै कार्यक्षेत्रमा आफ्नो भूमिका निर्वाह गरिरहेका छन् ।**

उमेर बढाउने कुनै खाद्य पदार्थमाथि यदि सबैभन्दा बढी गम्भीरताले शोध भइरहेको छ भने त्यो हो–गेटो नामक बिरुवा । जापानको ओकिनावा क्षेत्रमा जहाँ सबैभन्दा बढी 'शतकवीर' छन्, त्यहीं यो बिरुवा शोधको आधार बन्यो । ओकिनावाको रियुक्युस विश्वविद्यालयमा कृषि विज्ञानका प्रोफेसर शिकिंची तवाडाले दक्षिणी जापानका मानिसको बढी उमेरको रहस्य यस खास बिरुवामा छ भनी बताएका छन् । गाढा पहेंलो–खैरो रंगको यो बिरुवाको अर्क प्रयोगले मानिसको उमेर २० प्रतिशतसम्म बढ्न सक्छ ।

प्रोफेसर तवाडा दुई दशकभन्दा धेरै समयदेखि अदुवा वंशको यस बिरुवाको अध्ययन गरिरहेका छन् । तवाडाले कीराहरूमा गरेको एउटा प्रयोगमा के पाए भने गेटोको अर्कको खुराक दिंदा उनीहरूको उमेर २२ प्रतिशतसम्म बढ्यो । ठूला हरिया पात, रातो फल र सेतो फूल हुने यो बिरुवा सदीयौंदेखि ओकिनावाका मानिसहरूको भोजनको आधार बनेको छ । अन्य एन्टिआक्सिडेन्टको तुलनामा गेटो बढी प्रभावकारी पाइएको छ । अब यो थाहा पाउने कोशिश भइरहेको छ कि गेटोको प्रयोग दुनियाँका अन्य मुलुकका मानिसहरूमा पनि समानरूपले प्रभावकारी हुन्छ कि हुन्न ? यस प्रकार दुनियाँभरिमा बढिरहेको औसत आयु र १०० को आँकडा पार गरिरहेको आयुले स्पष्ट सङ्केत गरेको छ कि जीवन प्रत्याशाको मोर्चामा हामी निरन्तर अगाडि बढिरहेका छौं । यसको सर्वाधिक श्रेय भने स्वास्थ्य सुविधाहरूमा बढोत्तरी र स्वास्थ्यप्रति मानिसमा बढिरहेको जागरूकतालाई दिन सकिन्छ ।

सेवा निवृत्तिपछि अधिकांश मानिसको शारीरिक क्षमता तीव्ररूपमा खस्किरहेको देखिन्थ्यो, तर अब के देखिन थालेको छ भने सेवा निवृत्त भएपछि पनि मानिसले आफूलाई कुनै नयाँ काम अल्झाएका छन् । वास्तवमा कामबाट निवृत्त भएपछि पनि मानिससँग करीब २० देखि २५ वर्षको जीवन शेष हुन्छ । यस अन्तरालमा आफूलाई कुनै काममा संलग्न गराउनु जीवनको सही सदुपयोग हो ।

अस्ट्रेलियाजस्ता देशले त बढ्दो उमेरको सक्रियताको महत्त्व बुझेर, सन् २०१४ मा एउटा कानून नै पारित गरेको छ, जसका अनुसार अस्ट्रेलियामा सन् १९३५ देखि सेवा निवृत्ति उमेर ७० वर्षको हुनेछ । त्यहाँको सरकारले बुजुर्गहरूलाई काम दिलाउन प्रोत्साहन र आर्थिक लाभ दिन्छ । नेपालले पनि अब अहिलेदेखि नै यस दिशामा केही यस्तै सोच्नुपर्छ; किनकि आज यो युवाहरूको देश हो, तर २०–२५ वर्षपछि यहाँ पनि पाका उमेरका मानिसको सङ्ख्या बढी हुन सक्छ ।

हाम्रो देशमा जसरी युवा पीढी नशाको लतमा फसिरहेको छ, त्यसबाट यही अनुमान लगाउन सकिन्छ कि युवाहरूको तुलनामा वृद्ध व्यक्ति बढी स्वस्थ र सक्रिय छन् र उनीहरू युवाहरूजस्तै कार्यक्षेत्रमा आफ्नो भूमिका निर्वाह गरिरहेका छन् । उनीहरूसँग अनुभव छ, कार्यकुशलता छ र उनीहरू यसै आधारमा आफ्नो ऊर्जालाई सुनियोजित गरिरहेका छन् ।

अखिल विश्व गायत्री परिवारमा अधिकांश यस्ता बुजुर्गहरू छन्, जसले मिशनलाई आफ्नो सेवा अर्पित गरिरहेका छन्, परिव्राजक (सन्न्यासी)को रूपमा काम गरिरहेका छन् र आफ्नो अनुभवले विभिन्न क्षेत्रलाई लाभान्वित बनाइरहेका छन् । यदि मनमा उत्साह छ भने बढ्दो उमेर पनि काम गर्दा बाधा बन्दैन, अपितु सहयोग नै गर्छ र मानिसलाई एकजुट पार्न, उनीहरूलाई सहयोग गर्न, मिलिजुली काम गर्न प्रेरित गर्दछ । यस प्रकार बढी उमेरको जीवन बाँच्नु तब मात्र सार्थक हुन्छ, जब मानिसको जीवन कुनै महत्त्वपूर्ण काममा लागोस् र देश–दुनियाँको प्रगतिमा सहायक बनोस्, अन्यथा बढी उमेरको जीवन बाँच्नुको कुनै प्रयोजन हुँदैन ।

# कसरी समात्ने समृद्धिको लय ?

सन् २०२३ मा नेपालको आर्थिक वृद्धिदर एक दशमलव नौ प्रतिशत हुने अनुमान विश्व बैंकले गरेको छ । दुई साताअघि अर्को विकास साझेदार एशियाली विकास बैंकको प्रक्षेपणमा यो वृद्धि चार दशमलव तीन प्रतिशत हुने भनिएको थियो । हाम्रो सरकारले चालू आर्थिक वर्षमा अर्थतन्त्र छ प्रतिशतले वृद्धि हुने दाबी गरेको छ । सरकार र विकास साझेदारका यी फरकफरक अनुमानले अन्योल उत्पादन गरिराखेका छन् । हुनत अध्ययनको समय र सीमाका कारण तथ्याङ्कमा असमानता हुन्छन् । तर यस्ता अनुमानमा आनकातान भिन्नताले भने अर्थतन्त्रमा चासो राख्ने जो कोहीलाई असमञ्जसमा पार्ने गरेको छ ।

अर्थतन्त्रलाई मिहीनरूपमा विश्लेषण गरिराखेका पक्षहरूले सार्वजनिक गर्ने टाढाटाढासम्म पनि मेल नखाने तथ्याङ्कीय प्रक्षेपणको विश्वसनीयतामा प्रश्न उठ्ने नगरेका भने होइनन् । आर्थिक अभिवृद्धि र यसका आधारसँग सरोकार राख्ने तथ्याङ्कीय तानाबानाको औचित्य नै बहसको अलग विषय हो । यसमा सही ढङ्गबाट विमर्श भने हुन पाएको छैन । कोरोना महामारीयता विश्वको अर्थतन्त्र मन्दीबाट बाहिर निस्किने प्रयासमा छ । विश्वका अन्य अर्थतन्त्रले महामारीको सुरुआतदेखि नै दूरदृष्टि राखेर अर्थतन्त्रको चक्र चलाउन पैसा बाँड्नेदेखि अनुदान र राहतका अनेक कार्यक्रम ल्याए । तर हामीकहाँ उल्टै यसलाई कस्ने काम गरियो । परिणाम सामुन्ने छ, विश्व अर्थतन्त्र कोरोनाको असरलाई किनारा लगाउँदै आर्थिक गतिको लयमा फर्किइसक्दा हामीले अर्थतन्त्रमा अनर्थ हुने हो कि भन्ने सन्त्रासमा छौं । यो सन्दर्भमा यो आलेखको मूल अभिप्राय विश्व अर्थतन्त्र, त्यसमा पनि एशियाकेन्द्रित अबको विकासका परिदृश्यमा अबको हाम्रो अर्थव्यवस्थाको बाटो कस्तो हुनुपर्छ भन्ने नै हो ।

अहिले सरकार अर्थतन्त्रका सूचकमा सुधार आएको दाबी गरिरहेको छ । तर अर्थतन्त्रका सरोकारहरूले त्यसलाई समर्थन गरेको अवस्था छैन । सूचकमा सुधार भनिएको छ, बजारमा माग छैन । उद्योग–व्यापार एक चौथाइ क्षमतामा चलिरहेको कुरा नयाँ होइन । कर्जाको विस्तार खुम्चिएको छ । तर ब्याज बढेको छ । बजारमा माग छैन भनिएको छ । माग कम हुँदा मूल्य खुम्चिनुपर्ने हो । बजारको सामान्य नियमले काम नगरिराखेको अवस्थाले गर्दा अर्थतन्त्रमा असामान्य सङ्कट निम्तिने हो कि भन्ने आशङ्का बलियो भएर गएको छ ।

हामीले नेपाललाई सन् २०२६ मा विकासशील मुलुकको सूचीमा उभ्याउने भनेका छौं । त्यसका लागि आफूलाई तयार राख्ने सन्दर्भका अपेक्षित काम हुन सकेका छैनन् । अतिकम विकसितबाट विकासशीलमा स्तरोन्नति हुँदा गर्वको विषय त हो, तर सम्मानले मात्रै आर्थिक समस्या हल हुने होइन । स्तरोन्नतिपछि हामीले गुमाउने सहुलियतको पूरण कसरी हुने हो ? यसमा कुनै गृहकार्य छैन । अहिले अतिकम विकसित देशले पाउने सहुलियतमा त व्यापार घाटाको ग्राफ बढेको बढ्यै छ भने सहुलियत हटेपछि के होला ? विश्व बैंकले नेपालको निर्यात व्यापारको क्षमता १० अर्ब डलरबराबर रहेको भनेको थियो । तर अहिलेको वास्तविक निकासी एक अर्ब डलरको हाराहारी पनि छैन, यो किन ? हामीले वास्तविक उत्पादनलाई प्रोत्साहनको नीति नै लिन आवश्यक ठानेका छैनौं । विकास र स्तरोन्नति केवल तथ्याङ्कीय मात्र नभएर आम जनताले अनुभूत गर्न सक्ने खालको हुनुपर्छ । विकासको प्रत्याभूति त जनजीविकामा हुनुपर्छ ।



**समयान्तर**

**ओमप्रकाश खनाल**

omkhanal@gmail.com

**अबको एशिया केन्द्रित अर्थतन्त्रको अभिवृद्धिमा विश्वकै सम्भावित पहिलो र दोस्रो अर्थतन्त्रको बीचमा रहेर हामीले कस्तो खालको विकास हात पार्ने हो ? यसका लागि हाम्रो योजना र रणनीति के हो ? सरकारका कुनै पनि निकायसँग यसमा स्पष्ट र चित्तबुझ्दो जवाफ छैन ।**

यस्ता तथ्याङ्कीय विरोधभासहरूबीच अर्थतन्त्रलाई कसरी लयमा फर्काउने हो भन्नेमा चिन्ता होइन, गहन र सार्थक चिन्तनको खाँचो छ । विश्व बैंकले दक्षिण एशियालाई विश्वकै अधिक विकास सम्भाव्यतायुक्त क्षेत्र मानेको छ । अमेरिका आज विश्वकै एक नम्बर अर्थतन्त्र किन छ ? अमेरिकी अर्थतन्त्रमा सबैभन्दा ठूलो योगदान यसले अपनाएको विविधीकरणको नीति हो । अमेरिकाले विश्वभरिबाट दक्ष 'ब्रेन'लाई भित्र्याउने नीति लियो । आज अमेरिकी अर्थतन्त्रमा एपल, माइक्रोसफ्ट, अमेजनजस्ता विश्वव्यापी व्यापारिक उपक्रमहरूको योगदान मुख्य छ । भरपर्दो बैंकिङ, भौतिक पूर्वाधार, विश्वभरिबाट खोजीखोजी भित्र्याएको दक्ष जनशक्तिले अमेरिकालाई सम्पन्न बनाएको अन्तर्राष्ट्रिय मुद्रा कोषले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ ।

लचिलो नीति र यसको स्थायित्व अमेरिकी सबल अर्थतन्त्रको अर्को आधार हो भन्नेमा कुनै प्रकारको विवाद छैन । हामी यी दुवै नीतिमा विपरीत दिशामा अघि बढिराखेका छौं । नीतिगत अस्थिरता हाम्रो विकासका एउटा प्रमुख अवरोध हो । कुनै नीति कुन बेला फेरिन्छ, त्यो सत्तासीनको 'मूड'मा भर पर्छ, त्यो पनि प्रभाव र दबाबमा । अर्को अमेरिकाले जसरी विविधीकरणको नीति अन्तर्गत विश्वभरिबाट दक्ष 'ब्रेन' भित्र्याएर आफूलाई विश्वकै अर्थतन्त्रको अगुवा बनायो, हामी भने उल्टो बाटोमा छौं । भएभरको जनशक्ति बाहिर पठाएर विप्रेषणको आयबाट गुजरा चलाइराखेका छौं । विप्रेषण नराम्रो कुरा होइन, तर यसमाथिको अतिआशक्तिले हामीलाई अशक्त बनाइराखेको पनि सत्य हो । जनशक्ति, त्यो पनि अदक्ष जनशक्ति बाहिर पठाएर देशलाई प्रौढ र बालबालिका बाहुल्य बनाउँदा विकासको उद्देश्यमा पुग्न सकिन्न भन्ने तथ्यलाई नीति निर्माताहरूले बुझपचाइराखेका छन् । यो हामीले लक्ष्यमा राखेको विकास र समृद्धिको लक्ष्यका निम्ति विडम्बना नै हो ।

हामी अहिले जनसाङ्ख्यिक उच्चतम लाभ लिने अवस्थामा छौं । तर हाम्रो जनशक्तिले विदेशमा पसिना बनाइराखेको छ । विदेशलाई बनाइराखेको छ । सन् २०४७ पछि हामी यो अवसर गुमाउने समयमा प्रवेश गर्नेछौं । अहिलेसम्मको नीति हेर्दा हामीले यो अवसर उपयोग गर्नबाट चुक्यौं भने आश्चर्य हुनेछैन । अहिले अमेरिकी र हाम्रो अर्थतन्त्रमा कुनै कुराको तुलनै हुन सक्दैन । एउटा समयमा अमेरिकाले पनि हामीजस्तै अवस्थाबाट विकासलाई अघि बढाएको मान्ने हो भने उसले अपनाएका अनुसरणीय नीतिहरूलाई अपनाउनु अत्युक्ति हुँदैन होला ।

अबको विश्व अर्थतन्त्र व्यवस्थाको नेतृत्व एशियाले गर्ने पक्कापक्कीजस्तै भइसकेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषको विश्व अर्थतन्त्रको मापन २०२३ का अनुसार अहिले विश्वको अर्थतन्त्र १०५ ट्रिलियन अमेरिकी डलर हुँदा अमेरिका २५ दशमलव ०३५ ट्रिलियन डलरसहित विश्वको एक नम्बर अर्थतन्त्र हो । १८ दशमलव ३२१ ट्रिलियनसहित अमेरिकालाई पछ्याइरहेको चीन सन् २०३० सम्मका विश्वको एक नम्बर अर्थतन्त्र बनिसक्ने प्रक्षेपण गरिएको छ । अहिले तीन दशमलव १९९ ट्रिलियन डलर लिएर पाँचौं स्थानमा रहेको भारत त्यति बेला दोस्रो अर्थतन्त्र बन्दा अमेरिका तेस्रोमा झर्ने अनुमान छ । अहिले चार दशमलव ३०१ ट्रिलियनको अर्थतन्त्र बनाएर तेस्रो स्थानमा रहेको जापान एशियामैं रहेर विश्वमा नमूना विकास पेश गरेको देश हो । अहिले विश्वका १० उत्कृष्ट अर्थतन्त्रका दोस्रो, तेस्रो र पाँचौंसहित तीन ठूलासँगै उदीयमान अर्थतन्त्र एशियाकै छन् ।

युरोप र अमेरिकामा आर्थिक वृद्धि सुस्त हुँदा एशियाका उदीयमान अर्थतन्त्रको आर्थिक वृद्धि उच्च रहने अनुमान गरिएको छ । सन् २०२३ मा विश्वको अर्थतन्त्र एक दशमलव नौ प्रतिशतले वृद्धि हुँदा भारतले आफ्नो अर्थव्यवस्थालाई पाँच दशमलव आठ प्रतिशतले बढाउने अनुमान गरिएको छ । २०२३/२४ मा यस्तो वृद्धि छ दशमलव एक प्रतिशत हुने प्रक्षेपण छ । सन् २०२३ मा चीनले पाँच दशमलव एक प्रतिशत आर्थिक वृद्धि हात पार्ने अनुमान विश्व बैंकको छ ।

अबको एशिया केन्द्रित अर्थतन्त्रको अभिवृद्धिमा विश्वकै सम्भावित पहिलो र दोस्रो अर्थतन्त्रको बीचमा रहेर हामीले कस्तो खालको विकास हात पार्ने हो ? यसका लागि हाम्रो योजना र रणनीति के हो ? सरकारका कुनै पनि निकायसँग यसमा स्पष्ट र चित्तबुझ्दो जवाफ छैन । अल्पकालीन र दीर्घकालीन विकास योजना भने नभएका होइनन् । तर ती सबै कागजीबाहेक अरू केही लाग्दैनन् । त्यसका निम्ति कुनै रणनीति देख्न पाइएको छैन । एशिया केन्द्रित विकासको अवसरलाई आर्थिक विकासको अभीष्टमा रूपान्तरण गर्न हामीले रणनीतिकरूपमैं नीतिगत, भौतिक र कानूनी अवरोधको निकास नखोजी हुँदैन ।

# चार दिनमा बझाङ केन्द्रबिन्दु भएर १५ पटक भूकम्प

काठमाडौं, २० असोज/रासस

बझाङ केन्द्रबिन्दु भएर शनिवार दिउँसो ११ बजेर ४५ मिनेटमा पाँच दशमलव तीन र १२ बजेर ३२ मिनेटमा चार दशमलव तीन म्याग्निच्युडको भूकम्प गएको छ ।

आजको भूकम्प गत मङ्गलवार दिउँसो बझाङ केन्द्रबिन्दु भएर गएको छ दशमलव तीन म्याग्निच्युडको भूकम्पको परकम्प रहेको राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रले जनाएको छ । केन्द्रका अनुसार पछिल्लो चार दिनमा बझाङ केन्द्रबिन्दु भएर १५ पटक भूकम्पका धक्का मापन गरिएका छन् ।

वरिष्ठ भूकम्पविद् विजयप्रसाद कोइरालाका अनुसार सुदूरपश्चिम क्षेत्रमा ठूलो शक्ति सञ्चित भएर बसेकाले भूकम्पको उच्च जोखिम छ । आजको भूकम्प मङ्गलवार गएको भूकम्पको परकम्प रहेको उनको भनाइ छ ।

"सन् १५०५ यता त्यहाँ ठूलो भूकम्प गएको छैन । त्यसैले त्यस क्षेत्रमा ठूलो शक्ति सञ्चित भएको छ । दुईवटा प्लेट जुधेर सञ्चित भएको शक्ति निकास हुने भनेकै भूकम्पबाटै हो," वरिष्ठ भूकम्पविद् कोइरालाले भने, "मङ्गलवार मझौला खालको भूकम्प गएकामा त्यसका परकम्प अझै आइरहेका छन् । अझै केही दिन यस्ता परकम्प आउन सक्छन् ।"

सुदूरपश्चिम क्षेत्रमा सञ्चित भएर बसेको शक्ति निकासका लागि कुनै समय ठूलै भूकम्प जान सक्ने अनुमान गरिएको छ । ससाना कम्पनबाट त्यस्तो शक्ति निकास भएमा ठूलो कम्पनको सङ्कट टर्ने कोइराला बताउँछन् ।

भूकम्प मापन केन्द्रका अनुसार बझाङ केन्द्रबिन्दु भएर यही असोज १६ गते दिउँसो २ बजेर ४० मिनेटमा पहिलो धक्का महसूस भएको थियो । पाँच दशमलव तीन म्याग्निच्युडको उक्त कम्पनको २५ मिनेटपछि बझाङलाई नै केन्द्रबिन्दु बनाएर छ दशमलव तीन म्याग्निच्युडको भूकम्प गएको थियो ।

यस्तै, असोज १६ गते दिउँसो ३ बजेर १३ मिनेटमा तेस्रो, ३ बजेर ४५ मिनेटमा चौथो, ४ बजेर २८ मिनेटमा पाँचौं, ४ बजेर ३१ मिनेटमा छैटौं, पाँच बजेर १९ मिनेटमा सातौं, पाँच बजेर ३८ मिनेटमा आठौंपटक धक्का महसूस भएको थियो । असोज १७ गते राति १२ बजेर १६, १२ बजेर ५०, बिहान ४ बजेर २७ र ५ बजेर ४३ मिनेटमा भूकम्प गएको थियो । बिहीवार राति १० बजेर ५१ मिनेटमा पनि भूकम्पको धक्का महसूस भएको थियो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# हमासद्वारा रकेट हमला, एकजनाको मृत्यु

गाजा सिटी, २० असोज/एएफपी

अवरुद्ध गाजापट्टीबाट शनिवार रकेट आक्रमण हुँदा इजराइलमा कम्तीमा एकजनाको मृत्यु भएको एएफपीका पत्रकार र चिकित्सकहरूले बताएका छन्।



हमासद्वारा इजराइलमा गरिएको हमलाको दृश्य। तस्वीरः एएफपी

स्थानीय समय अनुसार बिहान साढे छ बजेदेखि गाजाका कयौं स्थानबाट थुप्रै रकेट प्रहार भएको एएफपीका पत्रकारले जनाएका छन्।

सर्वसाधारणलाई बम आश्रयस्थल नजीकै बस्न आग्रह गर्दै इजराइली सेनाले मुलुकका दक्षिण र मध्य क्षेत्रहरूमा साइरनको चेतावनी दिएका थिए। जेरुसेलममा एएफपीका एक पत्रकारले पूरा शहरभरि साइरन बजेपछि रकेट हमला रोकिएको देखेको बताए।

प्यालेस्टिनी समूह हमासको सशस्त्र शाखाले हमला आफूले गराएको बताएको छ। उसले आफ्ना लडाकूहरूले पाँच हजारभन्दा बढी रकेट हमला गरेको दाबी गरेका छन्।

"हामीले इजराइली कब्जाका सबै अपराधहरूलाई समाप्त पार्ने निर्णय गरेका छौं, जवाफदेही ठहर नगरी वितण्डा मचाउने उनीहरूको समय सकिएको छ," उक्त समूहले भनेको छ, "हामीले अल–अक्स फ्लडको घोषणा गरेका छौं र २० मिनेटको पहिलो हमलामा हामीले पाँच हजारभन्दा बढी रकेट प्रहार गर्‍यौं।"

गाजापट्टीबाट इजराइली क्षेत्रमा रकेट हमला र आतङ्ककारी घूसपैठसहित यो संयुक्त प्रयासमा हमासको हात रहेको इजराइली सेनाले बताएको छ।

मागेन डेभिड एडोम आपत्कालीन सेवाले इजराइलमा सीधा प्रहारका कारण एक ६० वर्षीया महिला मारिएको बताएको छ। चिकित्सकहरूका अनुसार अन्य १५ जना घाइते भएका र दुईजनाको अवस्था चिन्ताजनक रहेको छ।

इजराइली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कार्यालयले उक्त हमलापछि प्रधानमन्त्री नेतान्याहुले चाँडै सुरक्षा प्रमुखहरूलाई बोलाउने बताएको छ।

सन् २००७ मा हमास सत्तामा आएपछि इजराइलले गाजामा प्रतिबन्ध लगाउँदै आएको छ। त्यसयता प्यालेस्टिनी लडाकू र इजराइलबीच विनाशकारी युद्ध भएका छन्।

पछिल्लो हमला इजराइलले सेप्टेम्बरमा गाजाका कामदारमाथि दुई साताका लागि सीमा बन्द गरेपछि बढ्दो तनावका बीच भएको हो। रासस

# आगामी नोभेम्बरमा बाइडेन र जिनपिङबीच भेट गराउने ह्वाइट हाउसको योजना

वाशिङ्टन डिसी, २० असोज/एएनआई

ह्वाइट हाउसले आगामी नोभेम्बरमा अमेरिकी राष्ट्रपति जो बाइडेन र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच भेट गराउने योजना बनाइरहेको वाशिङ्टन पोस्टले जनाएको छ।

ह्वाइट हाउस प्रशासनका एक उच्च अधिकारीका अनुसार दुई मुलुकबीचको सम्बन्धलाई स्थिर बनाउने प्रयासका रूपमा दुई नेताबीच भेट गराउन लागिएको हो।

"बैठक पक्का हुनेछ," भेटबारे औपचारिक घोषणा भइनसकेको भन्दै आफ्नो नाम उल्लेख नगर्ने शर्तमा ती अधिकारीले भने, "भेट गराउने योजनाको हामी प्रारम्भिक प्रक्रियामा छौं।"

ह्वाइट हाउसका अर्का अधिकारीले बाइडेन चिनियाँ राष्ट्रपति जिनपिङसँग भेट्न उत्सुक भएको तर त्यसबारेमा अहिलेसम्म केही पुष्टि भइनसकेको बताएको उक्त अखबारले उल्लेख गरेको छ। ती अधिकारीले आगामी साताहरूमा चिनियाँ विदेशमन्त्री वाङ यीले वाशिङ्टनको भ्रमण गरेपछि दुई राष्ट्रपतिबीचको भेटको योजनाबारे स्पष्ट हुने जानकारी दिए।

"चीन र अमेरिकाबीच द्विपक्षीय संलग्नता र आदानप्रदानका बारेमा कुराकानी भइरहेको छ," वाशिङ्टनस्थित चिनियाँ दूतावासका प्रवक्ता लिउ पङ्ग्युले भने, "दुवै पक्षलाई अवरोधहरू हटाउन, ठोस कार्यद्वारा मतभेदहरूको व्यवस्थापन गर्न तथा असल विश्वासका साथ संवादलाई बढाउन र सहयोग अभिवृद्धि गर्न एउटै दिशामा काम गर्न आवश्यक छ।" वाशिङ्टन पोस्टका अनुसार गत नोभेम्बरमा इन्डोनेशियाको बालीमा सम्पन्न जी–२० को बैठकका क्रममा दुई ठूला अर्थतन्त्रका प्रमुखहरूबीचको भेटपछि आगामी नोभेम्बरमा पहिलो व्यक्तिगत भेट हुनेछ। उक्त बैठकमा दुवै राष्ट्रपतिले प्रत्यक्ष कूटनीतिको महत्त्वमाथि जोड दिँदै अमेरिका–चीन सम्बन्धलाई सही मार्गमा ल्याउन सकिने आशा व्यक्त गरेका थिए। रासस

# अमेरिकाको अन्त्येष्टि गृहमा १०० भन्दा बढी शव सडेको अवस्थामा फेला

लस एन्जल्स, २० असोज/सिन्हवा

अमेरिकाको कोलोराडो राज्यको एक अन्त्येष्टि गृहमा एक सयभन्दा बढी सडेको शव फेला परेपछि अनुसन्धान शुरू गरिएको स्थानीय अधिकारीहरूले बताएका छन्।

फ्रेमोन्ट काउन्टीस्थित पेनरोजमा रहेको रिटन टु नेचर फ्युनरल होममा बुधवार ती शव फेला परेका थिए। प्रहरीले 'हरित' अन्त्येष्टि सञ्चालकको भण्डारणलाई सूक्ष्मरूपमा अनुसन्धान गरेर अन्त्येष्टि गृहभित्रबाट कम्तीमा ११५ सडेका शव फेला पारेको थियो।

फ्रेमोन्ट काउन्टी शेरीफ एलन कूपरले पत्रकार सम्मेलनमा भने, "पछिल्लो ४८ घण्टामा मेरो कार्यालयले अत्यन्त डरलाग्दो खोज गरेको छ, अनुचितरूपमा शवहरू भण्डार गरिएको अन्त्येष्टि गृहको अवस्था भयावह थियो।"

उनका अनुसार यस क्षेत्रका समुदायले धेरै प्रश्न र चिन्ता व्यक्त गरेका छन्। विशेषगरी आफ्ना प्रियजनलाई उक्त अन्त्येष्टि गृहमा सुम्पिएका परिवारले बढी चिन्ता व्यक्त गरेका छन्। उनले भने, "हाम्रो प्राथमिकता र ध्यान ती परिवारप्रति छ।" फ्रेमोन्ट काउन्टी कोरोनर ज्यान्डी केलरले पनि भनिन्, "उक्त गृहमा प्रवेश गरेपछि हामीले अनुचितरूपमा राखिएका एक सयभन्दा बढी शव फेला पार्‍यौं, जसले भयानक दृश्य बनायो।"


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


### परवानीपुर गापाको काम ....

उनले भने, "सेवाग्राहीहरूका काम पनि हुन्छ र उहाँहरूले आफ्नो कार्यालयबाट छुट्टी पनि लिनुपर्दैन।" दुई सिफ्टको सेवा दैनिक ज्यालादारी गर्ने मजदूर र उद्योगका कामदारका लागि फलदायी भएको उनको दाबी छ।

सेवाग्राहीहरूले बिहान कार्यालयबाट सेवा लिएर दिउँसो आफ्नो काममा निर्धक्क जान सक्ने उनको भनाइ छ। "यस्तो सेवाले सेवाग्राहीहरूको चाप पनि घटेको छ," उनले भने।


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


# आइतवारदेखि चाडपर्व लक्षित सहुलियत पसल सञ्चालन

काठमाडौं, २० असोज/रासस

सरकारले दशैं, तिहार, छठलगायत ठूला चाडपर्वमा नागरिकलाई सहुलियत दरमा दैनिक उपभोग्य वस्तु उपलब्ध गराउने उद्देश्यले आइतवारदेखि देशभर सुपथ मूल्य पसल सञ्चालन गर्दैछ। सरकारी स्वामित्वका खाद्य व्यवस्था तथा व्यापार कम्पनी, साल्ट ट्रेडिङ तथा दुग्ध विकास संस्थानले आगामी मङ्सिर ३ गतेसम्म सहुलियत पसल सञ्चालन गर्नेछन्।

आम उपभोक्ताको हितलाई ध्यानमा राखी अत्यावश्यक खाद्य तथा उपभोग्य वस्तु सहुलियत मूल्यमा उपलब्ध गराउन चाडबाड अवधिभर यस्ता पसल सञ्चालनमा ल्याउन लागिएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ। यस्ता पसलबाट बजार मूल्य नियन्त्रण र गुणस्तरीयता कायम गरी सरल, सहज र सर्वसुलभरूपमा उपलब्ध गराउने उद्देश्य सरकारले राखेको छ।

चाडबाडको समयमा उपभोक्ता बजारमा निजी क्षेत्रको एकाधिकार हुन नदिन भन्दै सरकारले हरेक वर्ष सहुलियत मूल्य पसल सञ्चालन गर्दै आएको छ। सरकारले उद्योग, वाणिज्य, तथा आपूर्ति मन्त्रालयको मातहतका खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशन तथा कृषि तथा पशुपक्षी विकास मन्त्रालय मातहतको दुग्ध विकास संस्थानको सहकार्यमा सहुलियत मूल्य पसल सञ्चालनमा ल्याउन लागेको हो।

ती कम्पनीका काठमाडौं उपत्यकामा रहेका बिक्री केन्द्र र तीन घुम्ती पसल गरी ३५ स्थानबाट सुपथ मूल्यमा खाद्यान्न बिक्री वितरण हुनेछ। राजधानीबाहिर मोरङ, झापा, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, दिक्तेल, भोजपुर, ओखलढुङ्गा, खोटाङ, सिराहा, जनकपुर, पर्सा, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, तनहुँ, गोरखा, मनाङ, मुस्ताङ, रूपन्देही, बाँके, दाङ, बर्दिया, रूकुम–पूर्व र रूकुम–पश्चिममा सुपथ पसल सञ्चालन हुनेछन्।

यस्तै, रोल्पा, सुर्खेत, गुल्मी, दैलेख, डोल्पा, कालीकोट, हुम्ला, जाजरकोट, जुम्ला, मुगु, कैलाली, डडेल्धुरा, बाजुरा, बझाङ, अछाम, दार्चुला, महेन्द्रनगरमा सहुलियतपूर्ण पसल रहनेछन्। खाद्य व्यापार कम्पनीले ४२ जिल्लाका ४८ स्थानमा सुपथ मूल्य पसल सञ्चालन गर्ने तयारी गरेको प्रवक्ता शर्मिला न्यौपानेले जानकारी दिइन्।





तस्वीरः सौजन्य

कम्पनीले सञ्चालनमा ल्याएका बिक्री कक्षाबाट उपभोक्ताले सबै किसिमका चामल, दाल, गहुँ, पीठो र सबै प्रकारका तेलमा प्रतिकिलो/प्रतिलिटर रु सात तथा कर्णालीको सिमी, फापर, चिनो, कागुनो र खसीबोकामा प्रतिकिलो रु १० छुट पाउनेछन्।

खाद्य व्यापार कम्पनीले अनलाइनबाट पनि सहुलियत मूल्यमा खाद्यान्न बिक्री गर्नेछ। कम्पनीले भोलि थापाथालीस्थित बाग्मती प्रादेशिक कार्यालयका साथै देशभरका बिक्री कक्षबाट सुपथ मूल्य पसल सञ्चालन गर्नेछ। सहुलियत मूल्य पसल सञ्चालनका लागि सरकारले खाद्य व्यापार कम्पनीलाई रु दुई करोड ३२ लाख २० हजार बजेट छुट्याएको छ।

यस्तै, साल्ट ट्रेडिङले पनि काठमाडौं उपत्यकाको सतुङ्गल, कालीमाटी, पाटन, जडीबुटी, कौशलटार, भक्तपुर र सिफलसहित देशभरका कार्यालयमा सहुलियत पसल सञ्चालन गर्नेछ। साल्ट ट्रेडिङमार्फत बिक्री हुने सामानमा सहुलियत दिन सरकारले रु एक करोड छुट्याएको छ।

साल्ट ट्रेडिङले चिनी प्रतिकिलो रु ९७ मा बिक्री गर्नेछ। साल्ट ट्रेडिङले नूनमा प्रतिकिलो दुई र तेल तथा चिउरामा प्रतिकिलो सात रुपैयाँ छुट दिनेछ। दुग्ध विकास संस्थानले घ्यूमा प्रतिकिलो २०, पनिर प्रति दुई सय ग्राममा २० रुपैयाँ छुट दिनेछ।

# सामाजिक संस्था महासङ्घको शपथग्रहण

प्रस, वीरगंज, २० असोज/

सामाजिक संस्था महासङ्घको शपथग्रहण समारोह सम्पन्न भएको छ।





तस्वीरः प्रतीक

अधिवेशनले कृष्ण सर्राफको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको छ।

कार्यसमितिको वरिष्ठ उपाध्यक्ष सानु गुप्ता, उपाध्यक्ष खुशी रौनियार, महासचिव विक्की सर्राफ, सचिव पवन यादव, सहसचिव आदर्श ठाकुर, कोषाध्यक्ष राजुसाह कानू, सहकोषाध्यक्ष रिषु वर्मा, संयोजक सिद्धार्थ गुप्ता, सहसंयोजक सुजल ठाकुर, कार्यक्रम संयोजक विक्रम गुप्ता, प्रशासन प्रमुख ओमकुमार झा, सहप्रशासन प्रमुख शिवराज पटेल, सदस्य संयोजक नितेश वर्णवाल, जनसम्पर्क सुमन दत्त, सूचना तथा प्रविधि विभाग सदस्यमा आयुष गुप्ता, आकाश दास, सुरज सर्राफलाई चयन गरिएको छ।

# स्वास्थ्य बीमामा जोडिएका बिरामी प्रत्येक महीना अस्पताल धाउन पर्दा हैरानी

काठमाडौं, २० असोज/रासस

प्रत्येक महीना अनिवार्यरूपमा अस्पताल पुगेर स्वास्थ्य जाँचपछि मात्र औषधि लिन पाउने प्रावधानले स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध बिरामीलाई अप्ठेरो झेल्नुपरेको छ।

यसअघि स्वास्थ्य कार्यक्रममा सहभागी बिरामीलाई चिकित्सकले स्वास्थ्य परीक्षण गरेपछि अस्पतालबाट तीन महीनाका लागि औषधि उपलब्ध गराइँदै आएको थियो।

पछिल्लो समय दुर्गम भेगबाट आएका बिरामीसमेतलाई एक महीनाका लागि मात्र औषधि उपलब्ध गराइने नयाँ प्रावधानबाट कैयौं बिरामीले हैरानी खेप्नुपरेको छ। स्वास्थ्य परीक्षणभन्दा पनि औषधि लिनकै लागि दूरदराजबाट प्रत्येक महीना अस्पताल धाउनुपर्ने स्थितिले बिरामीलाई मर्का मात्रै परेको छैन, एउटै बिरामीलाई पटकपटक जाँच गर्नुपर्दा अस्पतालमा बिरामीको चाप पनि ह्वात्तै बढ्न गएको छ।

कतिपय अस्पतालले चिकित्सकले परीक्षण गरेकै दिन मात्र औषधि लिनुपर्ने र अन्यथा नपाइने बाध्यात्मक परिस्थितिले पनि बिरामीलाई असजिलो बनाएको हो। एकपटक जाँच गरेपछि एक महीनालाई मात्र औषधि दिइने व्यवस्थाले दूरदराजका बिरामीको त घर र अस्पताल ओहोरदोहोरमैं सम्पूर्ण समय बित्ने गरेको मात्र नभई आवतजावत खर्चले समेत ढाड सेक्ने गरेको छ।

एक महीने प्रावधानले स्वास्थ्य बीमा कार्यक्रमबाट थप औषधि नमिल्ने भएपछि बिरामीले बाध्य भएर औषधि आफैं किनेर जोहो गर्नुपरेको ओपन हर्ट सर्जरी गरेका दोलखा चरिकोटका मुटुका बिरामी एक शेर्पा गुनासो गर्छन्।

सरकारले स्वास्थ्य सेवातर्फ सामाजिक सुरक्षाको नाममा गरिरहेको खर्चलाई स्वास्थ्य बीमामार्फत दिगो बनाइ स्वास्थ्य क्षेत्रमा गर्ने लगानी कम गर्ने ध्येयका साथ स्वास्थ्य बीमा कार्यक्रम अघि बढाएको हो।

मुलुकभर हाल २२ लाख १६ हजार ६५९ परिवारका ७१ लाख ८१ हजार ३२५ जना स्वास्थ्य बीमामा आबद्ध छन्। त्यस बीमामा आबद्ध घरपरिवारको सङ्ख्या चालू आर्थिक वर्षमा ३१ दशमलव चार प्रतिशतबाट बढाइ ५० प्रतिशत पुर्‍याउने लक्ष्य राखिएको छ।

कुल बीमितमध्ये ७० प्रतिशतले मात्र वार्षिकरूपमा स्वास्थ्य बीमा नवीकरण गरेको एक तथ्याङ्कले देखाएको छ। हाल करीब ३२ लाख ३१ हजार ५९६ ले सेवा उपभोग गरेको अवस्था छ। जुन बीमितमध्ये ४५ प्रतिशत हो। देशभर ४४० स्वास्थ्य सेवाप्रदायक संस्थाबाट यो सेवा प्रवाह भइरहेको छ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता एवं वरिष्ठ चिकित्सक डा प्रकाश बुढाथोकी उच्च रक्तचाप, मधुमेह, मुटु र मिर्गौलासम्बन्धी बिरामीको साधारणतया एक/एक महीनामा स्वास्थ्य परीक्षण गरी औषधि दिनुपर्ने भएकाले वैज्ञानिक आधारमा एक महीनाका लागि मात्र औषधिको व्यवस्था गरिएको प्रतिक्रिया दिए।

उनले भने, "कुनै कारणले एक महीनामै औषधि र औषधिको मात्रा घटाउन र बढाउनुपर्ने परिस्थितिले लामो समयका लागि लगेका औषधि खेर जाने भएकाले त्यसलाई रोक्न हाल एक महीनाको व्यवस्था गरिएको हो।" स्वास्थ्य बीमा कार्यक्रम लागू भएका जिल्ला अस्पताल र स्वास्थ्य संस्थाबाट पनि औषधि प्राप्त गर्न सकिने भएकाले हालको व्यवस्थालाई अन्यथा भन्न नमिल्ने तर्क गर्दै डा बुढाथोकीले औषधिको अभाव, मौज्दात कम, टेन्डर समस्याका कारण नभई बिरामीको स्वास्थ्यको पाटोलाई ध्यानमा राखेर सुझबुझका साथ एक महीने व्यवस्था गरिएको दाबी गरे।

स्वास्थ्य बीमा बोर्डका सदस्य चन्द्र थापा भन्छन्, "पहिले तीन महीनाका लागि औषधि दिने गरिएकामा कतिपय बिरामीले बीमाबाट औषधि लिएर निजी औषधिपसलमा लगेर बिक्री गरेको भन्ने सूचनाका आधारमा त्यो दुरुपयोग रोक्न एक महीनाका लागि मात्रै उपलब्ध गराउने नीति लिइएको हो।"

नेपाल सरकारले हाल सर्वसाधारण तथा लक्षित वर्गलाई आधारभूत स्वास्थ्य सेवा निश्शुल्क गरेको छ। मिर्गौला, मुटुरोग, क्यान्सर, स्पाइनल इन्जुरी तथा टाउकाको चोटपटक, अल्जाइमर, सिकलसेल, एनिमिया तथा पार्किन्ससजस्ता आठ प्रकारका गम्भीर

(बाँकी अन्तिम पातामा)

# सद्भाव बिगार्ने युवाहरू वीरगंजमा सक्रिय

प्रस, वीरगंज, २० असोज/

वीरगंज महानगरमा अहिले उपद्रवी समूह आपसी सद्भाव बिगार्नमा लागेको जनाइएको छ।

सो समूहले वीरगंज–१४ पिपरा, बौधीमाई जाने बाटोमा नहर सडकलाई पटेल चोक नामकरण गरी गाडिएको बोर्ड गएराति भत्काएको छ। त्यतिमात्र होइन, महानगरले विभिन्न सूचनामूलक बोर्ड सोही ठाउँमा झुन्डाएकामा राति केही युवाहरूको समूहले तोडफोड गरेको थियो। स्थानीयका अनुसार शुक्रवार राति करीब ११ बजे ८–१० वटा मोटरसाइकलमा आएका युवाहरूले विभिन्न नारा लगाउँदै मन्दिर अगाडि गाडिएका सबै बोर्ड भत्काएका थिए।

गण्डकदेखि राधेमाईसम्म सडक निर्माण हुनुअघि नै सर्वसहमतबाट सडकको नाम पटेल सडक नामकरण भई बोर्ड राखिएको थियो।

युवा समाज पिपराका अध्यक्ष अनिल पटेलका अनुसार सो क्षेत्रमा अहिले केही दिनदेखि उपद्रवी समूह राति मोटरसाइकलमा आउने र घरघरमा ढुङ्गा फयाँक्ने गरेको छ। स्थानीयवासीले राति मोटरसाइकलमा आउने युवाहरूका डरले केही दिनदेखि सुत्न नपाएको बताए। उनीहरूले सो समूहले जाँडरक्सी खाएर ठूलो स्वरमा विभिन्न किसिमका गालीहरू दिने गरेको बताएका छन्।



तस्वीरः प्रतीक

यस विषयमा वडा प्रहरी कार्यालय, श्रीपुरमा सम्पर्क गर्दा स्थानीयहरूले उपद्रवी युवाहरूको समूहबारे उजूरी दिएको स्वीकार गरेको छ। वप्रकाले सो समूहको खोजी शुरू गरिसकेको जनाएको छ।

# १६३ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २० असोज/

प्रभु हस्पिटल र वीरगंज कारागारको आयोजनामा शनिवार आयोजित रक्तदान कार्यक्रममा १६३ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।

कार्यक्रममा पन्नालाल दास, आनन्द दास थारू, नवीन्द्र ठाकुर लोहार, छोटेलाल सहनी, मनोज विक, भरत खनाल, देवकुमार बल, मुबारक हवारी, अशोक लोहार, अनिलकुमार यादव, कृष्ण लोपचन, रूपेश मण्डल, सुजन पोखरेल, दीपेन्द्र साह, विजय गोले, गोपाल थापा, बजेन्द्र चौधरी, पन्नालाल राउत कुर्मी, कुशल दास, दीपक महतो, श्रीकुसुम दास, सुरेशराउत पाललगायतले रक्तदान गरेका थिए।



तस्वीरः प्रतीक

# नेपालबाट मनसुन बाहिरियो

काठमाडौं, २० असोज/रासस

नेपालको सुदूरपश्चिम तथा कर्णाली प्रदेशको पश्चिम भूभाग भएर यस वर्षको मनसुन बाहिरिएको छ। बाँकी भूभागबाट पनि केही दिनमा मनसुन बाहिरिने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। महाशाखाले शुक्रवार राति विशेष मौसम बुलेटिन निकालेर नेपालबाट मनसुन बहिर्गमन शुरू भएको जनाएको हो।

महाशाखाका मौसमविद् गोविन्दकुमार झाका अनुसार नेपालबाट मनसुन पूर्णरूपमा बाहिरिन अझै केही दिन लाग्नेछ। "देशको पश्चिम भेग भएर शुक्रवारबाट मनसुन बाहिरिन शुरू भएको छ। बाँकी भेगमा मनसुन कायमै रहेकाले आगामी तीन दिन हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ," झाले भने।

नेपालमा मनसुन बहिर्गमनको औसत मिति अक्टोबर २ तारिख भएपनि यस वर्षको मनसुन औसत मितिभन्दा केही दिन ढिलो बाहिरिएको झाले बताए। उनका अनुसार बङ्गालको खाडीको उत्तर–पश्चिम भागमा विकास भएको न्यूनचापीय क्षेत्रको प्रभावले मनसुन बहिर्गमनमा ढिलाइ भएको हो।

नेपालमा मनसुन भित्रिने सरदर मिति जून १३ हो।

यस वर्ष सरदर मितिभन्दा एक दिन ढिलो अर्थात् जून १४ तारिख (जेठ ३१ गते) मनसुन भित्रिएको थियो। नेपालको पूर्वी तथा मध्य भूभागमा हाल बङ्गलादेश र आसपास रहेको न्यूनचापीय क्षेत्रको प्रभावले बदली र वर्षा गराएको महाशाखाले उल्लेख गरेको छ।

आज राति कोशी, मधेस, बाग्मती र गण्डकी प्रदेशका थोरै स्थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। भोलि आइतवार पनि कोशी, बाग्मती र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी प्रदेशमा आंशिक बदलीदेखि सामान्यतया मौसम सफा रहनेछ। कोशी, बाग्मती र गण्डकी प्रदेशका पहाडी भूभागका थोरै स्थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ।


## लम्पी स्किन रोगबाट बचाउने उपायहरू

**पशुमा लाग्ने लम्पी स्किन रोगबाट बचाउनः**

- झिँगा, लामखुट्टे, किर्ना, भुसुना जस्ता टोक्ने वा रगत चुस्ने कीराहरूको नियन्त्रण गरौं।
- तीन महीनाभन्दा बढी उमेर समूहका पशुलाई लम्पी स्किनविरुद्धको खोप बर्सेनि लगाऔं।
- गोठ सफा राखी नियमित फिनेल पानी छर्कने गरौं।
- रोगी पशुलाई सामूहिक चरन/खर्क/आहालमा नलैजाऔं।
- सङ्क्रमित क्षेत्रका पशुको ओसारपोसार नगरौं।
- अन्यत्रबाट ल्याइएको पशुलाई कम्तीमा २८ दिन अलग्गै राखौं।
- मरेका पशु र लसपस भएको सोत्तरलाई गहिरो खाडलमा पुरौं।
- पशु चिकित्सकसँग परामर्श गरी लम्पी स्कीन रोगविरुद्ध खोप लगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड





# खेलकूदको संसार

## एशियाली खेलकूदमा नेपाललाई करातेमा ऐतिहासिक रजत पदक

काठमाडौं, २० असोज/रासस

चीनको हाङझाउमा जारी १९औं एशियाली खेलकूद प्रतियोगिता अन्तर्गत नेपाललाई कराते खेलमा ऐतिहासिक रजत पदक प्राप्त भएको छ। शनिवार सम्पन्न फाइनल खेलमा नेपालकी कराते खेलाडी एरिका गुरुङ पराजित भएसँगै नेपालले रजत पदकमा चित्त बुझाउनुपरेको हो।

महिला ६८ किलो तौल समूहमा १९ वर्षीया गुरुङ फाइनलमा काजकिस्तानकी सोफिया बेरुल्तसेभासित ३–० अङ्कले पराजित भएकी हुन्। नेपाललाई करातेमा एशियाली खेलकूदमा रजत पदक दिलाउने उनी पहिलो नेपाली खेलाडी बनेकी छन्।

यसअघि आजै सम्पन्न सेमिफाइनलमा गुरुङले हङकङकी यान काई होलाई पराजित गरेकी थिइन्। गुरुङले यान काई होलाई ८–४ अङ्कले हराउँदै फाइनल यात्रा तय गरेकी थिइन्। आजै भएको क्वार्टरफाइनल खेलमा गुरुङले जापानकी खेलाडी युजुकी सावाएलाई पराजित गरेकी थिइन्। दुवैबीचको खेल १–१ अङ्कको बराबरीमा सकिए पनि गुरुङ सेन्शु (पहिलो अङ्क जोडेको) आधारमा विजयी भएकी थिइन्।

योसँगै नेपालले जारी १९औं एशियाली खेलकूदमा दोस्रो पदक प्राप्त गरेको छ। यसअघि नेपालले महिला कबड्डीमा काँस्य पदक जितेको थियो।

### महिला भलिबलमा नेपालको सान्त्वना जीत

चीनको हाङझाउमा जारी १९औं एशियाली खेलकूद अन्तर्गत नेपालले महिला भलिबलमा सान्त्वना जीत हासिल गरेको छ। नेपालले मङ्गोलियालाई ३–२ सेटले पराजित गरेको हो। जीतसँगै नेपाल जारी प्रतियोगितामा ११औं स्थानमा रहन सफल भएको छ। महिला भलिबलमा १३ मुलुक सहभागी भएका थिए।

आजको खेलमा पहिलो सेट मङ्गोलियाले २५–१७ अङ्कले जित्यो। दोस्रो सेटमा भने नेपाल २५–१८ अङ्कले विजयी भयो। तेस्रो सेटमा पनि नेपाल २५–२१ अङ्कले विजयी बन्यो। चौथो सेटमा मङ्गोलियाले नेपाललाई २५–१८ अङ्कले उछिन्यो। अन्तिम सेटमा नेपाल १५–१२ अङ्कले विजयी बन्यो।

यसअघि शुक्रवार भएको खेलमा नेपाल हङकङसित ३–० को सोझो सेटमा पराजित भएको थियो। हङकङले नेपाललाई २५–२२, २५–१६ र २५–१८ अङ्कले पराजित गरेको थियो। यस्तै, बुधवार भएको खेलमा नेपाल भारतसित ३–१ सेटले पराजित भएको थियो। भारत उक्त खेलमा २५–२३, २६–२८, २५–२३ र २५–१७ अङ्कले विजयी भएको थियो।

यसअघि नेपाल समूह चरणको पहिलो खेलमा भियतनामसित ४–२५, १६–२५ र १३–२५ अङ्कले तथा दोस्रो खेलमा दक्षिण कोरियासित २१–२५, १४–२५ र ११–२५ अङ्कले पराजित भएको थियो।

# आठवटा भट्टी नष्ट गरी विभिन्न सामग्रीहरू बरामद

प्रस, रौतहट, २० असोज/

जिल्ला प्रहरी कार्यालय, रौतहट तथा मातहतबाट खटिएका प्रहरी टोलीले जिल्लाका आठवटा मदिराभट्टी नष्ट गरी विभिन्न सामग्रीहरू बरामद गरेको छ।

परोहा नपा वडा नं ५, राजपुर नपा ५, मौलापुर नपा ९ मा अवैधरूपमा सञ्चालनमा रहेको घरेलु मदिरा उत्पादन गर्ने भट्टी आठवटा नष्ट गरिएको जिप्रका रौतहटका सूचना अधिकारी दामोदर केसीले बताएका छन्।

सो भट्टीहरूबाट तयारी मदिरा ५६० लिटर र मदिरा बनाउने कच्चा पदार्थ ३२०० लिटर नियन्त्रणमा लिई स्थानीयको रोहबरमा नष्ट गरिएको जिप्रकाले जनाएको छ।

मदिरा उत्पादन गर्ने मेशीन छ थान, भाँडाबर्तन ११ थान तथा ड्रमहरू १० थानसमेत बरामद गरिएको थियो।

नजीकिँदै गरेको चाडपर्वको अवसर पारी जिल्लाका विभिन्न स्थानमा सञ्चालनमा रहेका मदिराभट्टीहरू नष्ट गर्नको लागि जिप्रकाबाट विशेष प्रहरी टोली परिचालन गरिएको सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक केसीले जानकारी दिएका हुन्।

# पूर्वअध्यक्ष श्रीवास्तवको निधनमा शोकसभा

प्रस, वीरगंज, २० असोज/

नेपाल भोजपुरी समाजको आयोजनामा श्रद्धाञ्जलिसभा सम्पन्न भएको छ।

समाजका अध्यक्ष ध्रुवसिंह ठकुरीको अध्यक्षतामा भएको कार्यक्रममा पूर्वअध्यक्ष रामदेवप्रसाद श्रीवास्तवको निधनमा शोकसभाको आयोजना भएको हो।

स्व श्रीवास्तवको निधनले नेपाल भोजपुरी समाज निकै मर्माहत भएको र उनको एक दशकको योगदानलाई कहिले पनि भुल्न नसकिने वक्ताहरूले बताएका थिए।

कार्यक्रममा नेपाल हिन्दी साहित्य परिषद्का अध्यक्ष सतीशचन्द्र झा, समाजका उपाध्यक्ष ऋतुराज पटेल, सल्लाहकार मनोज मिश्र, सदस्य रञ्जीत यादव, अजित श्रीवास्तव, सुधीर श्रीवास्तव, अस्मिता पटेल, प्रिया मिश्र, राजकुमार सर्राफ, लालबाबू सिंहलगायतको सहभागिता थियो।

पूर्वअध्यक्ष श्रीवास्तवको जन्म विसं १९९८ पुस २१ र निधन यही असोज ९ गते भएको थियो। शोकसभाको सहजीकरण सचिव राजेन्द्र सिंहले गरेका थिए।

# निशुल्क आँखा शिविर

प्रस, पर्सागढी, २० असोज/

सखुवाप्रसौनी गाउँपालिका वडा नं २ स्थित नेपाल राष्ट्रिय मोहन आदर्श निमावि, औराहामा छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड तथा नेपाल नेत्रज्योति सङ्घ राजकुमार महावीरप्रसाद केडिया आँखा अस्पतालको संयुक्त आयोजनामा निशुल्क आँखा शिविर सम्पन्न भएको छ।

शिविरमा ३८१ जनाको आँखा चेकजाँच गरिएको थियो। जसमध्ये १६३ जनामा मोतीबिन्दु फेला परेको र उनीहरूको निशुल्क शल्यक्रिया गरिने जनाइएको छ।

कार्यक्रममा वित्तीय संस्था मधेस प्रदेशका लालबहादुर यादवले संस्था सामाजिक कार्यमा पनि अग्रसर रहेको बताए। उनले ग्रामीण क्षेत्रमा रहेका संस्थामा आबद्ध सदस्यहरूको स्वास्थ्य परीक्षण गर्ने हेतुले शिविर सञ्चालन गर्ने गरेको बताए।

शिविरमा नेत्र अधिकृत डा रासदेव साह, सन्तोष साह, मुकुन्द खत्रीलगायतका चिकित्सकहरूले चेकजाँच गरेका थिए भने शिविरमा वित्तीय संस्थाका समिता लोहनी, अभय शर्मा, जयमल चौधरीलगायतले सहजीकरण गरेका सो संस्थाका श्रीपुर शाखा प्रमुख सन्तोष चौधरीले बताए।

## स्वास्थ्य बीमामा जोडिएका ...

रोगको उपचारमा विशेष सुविधा उपलब्ध गराइरहेको छ। ती समस्या भोग्न परेका बिरामीलाई रु एक लाखसम्मको अनुदान दिँदै आएको छ। ७५ वर्षमाथिका नागरिक र १५ वर्षमुनिका बालबालिकालाई निशुल्करूपमा मुटुको भल्भ फेर्ने र उपचारको व्यवस्था छ।

सरकारले करीब ९८ प्रकारका औषधि विभिन्न स्वास्थ्य संस्थाबाट निशुल्क उपलब्ध हुँदै आएको छ। स्वास्थ्य बीमाप्रति छोटो अवधिमैं नागरिकको आकर्षण बढ्दो अवस्थामा रहेको स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक दामोदर बसौलाले जानकारी दिए।

मुलुकमा कुनै पनि नागरिक स्वास्थ्योपचार गर्नका लागि पैसाका अभावमा वञ्चित हुन नपरोस् भन्ने हेतुले ल्याइएको स्वास्थ्य बीमा कार्यक्रम लोकल्याणकारी प्राथमिकताको अवधारणा रहेको दाबी गरिएको छ।

जनतालाई अझै थप सुसूचित गर्दै नागरिकलाई यसमा आबद्ध गर्ने जिम्मेवारीअनुरूप संस्थाले काम गरिरहेको स्वास्थ्य बीमा बोर्ड बाग्मती प्रदेश कार्यालय संयोजक जीवलाल खरेल बताउँछन्।

यो कार्यक्रम हाल सबै जिल्लामा लागू छ। काठमाडौं उपत्यकामा काठमाडौं, ललितपुर, बूढानीलकण्ठ र टोखा नगरपालिकाबाहेक मुलुकका ७४९ वटा स्थानीय तहमा स्वास्थ्य बीमा कार्यक्रम लागू रहेको उनले बताए।

सेवाप्रदायक अस्पतालले टेन्डर प्रक्रियाबाट औषधि खरीद गर्नुपर्ने, धेरै बिरामीलाई एकैपटक धेरै औषधि दिंदा मौज्दात नरहने र कतिपय बिरामीलाई एक/एक महीनामा परीक्षण गर्नुपर्ने चिकित्सको सल्लाहअनुरूप औषधि उपलब्ध गराउने हालको नीति अवलम्बन गरिएको संयोजक खरेल बताउँछन्। सेवाप्रदायकबाट सहजरूपमा सुविधा र अस्पतालको पहुँच भएका जिल्लामा स्वास्थ्य बीमाप्रति नागरिकको आकर्षण राम्रो रहेको उनको भनाइ छ। अस्पताल नजीक नरहेका दुर्गम जिल्लामा भने बीमा कार्यक्रमबारे नागरिकलाई बुझाउन र सेवाप्रवाहमा चुनौती देखिएको छ।

बाग्मती प्रदेशका चितवन र भक्तपुर जिल्ला स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी र आकर्षण भएका जिल्लाको सूचीमा छन् भने सिन्धुपाल्चोक र धादिङमा आकर्षक कम देखिएको छ।

समाजका अन्य क्षेत्रजस्तै स्वास्थ्य बीमामा पनि सेवाप्रवाह र सेवाग्राहीको पहुँच पहिलो प्राथमिकतामा पर्दै आएको छ। बाग्मती प्रदेशकै पनि ११९ मध्ये ५५ स्थानीय तहमा अझै स्वास्थ्य बीमाको पहिलो सेवाप्रदायक अस्पताल छैन। त्यस परिस्थितिले ठूलो सङ्ख्या स्वास्थ्य बीमाबाट बाहिर रहेको पुष्टि गरेको छ। जिल्ला अस्पतालको नजीकको सेरोफेरोमा स्वास्थ्य बीमाको आकर्षण राम्रो छ भने जहाँ छैन त्यहाँ कम छ।

स्वास्थ्य बीमामार्फत रु तीन हजार पाँच सय तिरेर रु ९६ हजार पाँच सय बराबरको थप सुविधा लिन सकिने भए पनि घरपायक अस्पताल नभएको, स्वास्थ्य संस्थामा झेल्न नसक्ने गरी बिरामीको भीडभाड र लामो लाइन रहने तथा चिकित्सकले गरेको सिफारिशका सबै औषधि नपाइने गुनासो नागरिकबाट सुनिँदै आएको छ।

बाग्मती प्रदेशमा १६ लाख नागरिक बीमामा समेटिएका छन् भने चितवनमा ६० प्रतिशतभन्दा माथि सर्वसाधारण यस कार्यक्रममा समेटिएको बीमा बोर्डको दाबी छ। स्वास्थ्य बीमा सबै नागरिकका लागि अनिवार्य नभई ऐच्छिक भएकोले यसको महत्त्व र आकर्षणबारे नागरिकलाई जनचेतना वृद्धि गर्नुपर्ने आवश्यकता देखिएको छ।

विद्यालय र विश्वविद्यालयका शैक्षिक पाठ्यक्रममा स्वास्थ्य बीमा कार्यक्रम समावेशका साथै नागरिकलाई यसप्रति जनचेतना जागृत तुल्याउने, सेवाप्रदायक अस्पताल सुधार र स्तरोन्नति गर्ने तथा सेवाग्राहीलाई सहजरूपमा सेवा उपलब्ध गराएको खण्डमा कार्यक्रमको लोकप्रियता बढ्ने जानकारहरू बताउँछन्।

मुलुकमा स्वास्थ्य बीमा कार्यक्रमप्रति सेवाग्राहीको आकर्षण बढाउन सके नेपाललाई सन् २०३० सम्म पूर्णरूपमा स्वस्थ बनाउने लक्ष्य पूरा हुने सरकारको विश्वास छ।